# बाह्रदशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चकचकी, झापा

कोशी प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७९/१२/०९

यस कार्यालयको चालु आ.व.२०७९/०८० मा ५०% को साझेदारीमा च्यापकटर वितरण कार्यक्रम अन्तर्गत डबल ब्लेड ३ गियर २ एच. पि. मोटर एण्ड स्टेण्ड सहितको च्यापकटर खरिद तथा वितरण गर्ने कार्यक्रम बमोजिम आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड कम्पनी/फर्म तथा सप्लायर्सहरुबाट निम्न सामान आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

| क्र.स. | विवरण | कूल लागत अनुमान रकम (रु.) | धरौटी रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | ५०% को साझेदारीमा च्यापकटर वितरण कार्यक्रम अन्तर्गत डबल ब्लेड ३ गियर २ एच. पि. मोटर एण्ड स्टेण्ड सहितको च्यापकटर | १९,७४,५३३।५३ | ५९,०००।- | १०००।- | २०७९/१२/२४ गते दिनको २ बजे |

**शर्तहरु :**

१) शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १,०००।– (एक हजार पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद, आ.व. २०७९/०८० का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र निवेदन साथ संलग्न राखि यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सक्नेछ।

२) शिलबन्दी दरभाउपत्र को बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्ताको नाम, ठेगाना, कामको विवरण र फोन नं. स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्धारा शिलबन्दी गरि शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

३) यस कार्यालयबाट बिकी नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र शिलबन्दी दरभाउपत्रको व्यहोरा फरक परेको, शिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कार्बाही गरिने छैन।

४) शिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछि बुझाएको शिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन। सोही दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्र दाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

५) शिलबन्दी दरभाउपत्र दाताले धरौटी वापतको रकम यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लि. राजगढको धरौटी खाता नं. ०८३००८७०५००००६२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। घटी रकम समावेश भएको शिलबन्दी दरभाउपत्र उपर कार्बाही हुने छैन।

६) शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन शिलबन्दी दरभाउपत्र खरिद गर्न, दाखिला गर्न र खोल्न सकिनेछ।

७) पेश भएको शिलबन्दी दरभाउपत्र कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८) पेश भएका शिलबन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जताई वा नजताई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालमा सुरक्षित रहनेछ।

९) खरिद गरिने सामग्री तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ। यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१०) यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज थापा
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner